# कपिलवस्तु नगरपालिका कार्यालय
तौलिहवा, कपिलवस्तु

# KAPILVASTU MUNICIPALITY OFFICE
TAULIHAWA, KAPILVASTU

फोन ०७६–५६०३०५/५६०२०१ फ्याक्स ०७६–५६००१९


मिति : २०७२/०१/१६

**बिषय : सुचना ! सुचना !! सुचना !!!**

कपिलवस्तू नगरपालिकाको वडा नं. १,२,३,४ र ५ वडाहरुका विभिन्न क्षेत्रको (बसपार्क,हाटबजार सतह ढल तथा नाली तथा सडक लगायत) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य ठेक्का पट्टा द्धारा गराउनु पर्ने भएको हुंदा तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि इच्छूक व्यक्ति, संघसंस्था, फर्म तथा कम्पनिहरुले आशय पत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१. आशय पत्र २०७२/०२/१४ गते कार्यालय समय भित्र पेश गरि सक्नु गर्नु पर्ने छ ।

२. सरसफाई सम्बन्धि कार्य २०७२ श्रावण १ देखि २०७३ अषाढ मसान्त सम्मको लागि हुने छ ।

३. आशय पत्रदाता फर्म वा कम्पनि भएमा फर्मको विवरण,सगंठन र कर्मचारी विगत ५ बर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण, प्रस्तावित कार्यमा संलग्न जनशक्तिको विवरण सहित फर्म दर्ता नविकरण,आयकर तथा मु.अ.कर दर्ता सहितको कागजात समेत पेश गर्नु पर्ने छ ।

४. आशय पत्रदाता व्यक्तिको हकमा विगत ३ बर्षमा सम्पन्न गरेको समानको प्रकृति को काम र स्थानको विवरण तथा निजको बैयक्तिक विवरण सहित आयकर तथा मु.अ.कर दर्ता सहितको कागजात समेत पेश गर्नु पर्ने छ ।

५. आशयपत्र पेश भएको संक्षिप्त सूचिमा परेको व्यक्ति फर्म संस्था वा कम्पनिबाटै उक्त कार्यको प्रस्ताव माग गरिने छ ।

६. आशय पत्र कपिलवस्तु नगरपालिका कार्यालयमा कार्यालय समय भित्र तोकिएको मिति सम्म दर्ता गर्न सकिने छ ।

७. यस सम्बन्धि आवश्यक कुराको लागि वातावरण तथा सरसफाई उपशाखा वा आर्थिक प्रशासन शाखा मा सम्पर्क गर्न सकिने छ ।

८. माथी लेखिएका सम्पुर्ण शर्तहरु सोही अनुसार हूनेछ र यदी छूट भएको भएमा छूट भएका जतिमात्र प्रचलित ऐन, कानुन बमोजिम हूनेछ ।

(कार्यकारी अधिकृत)